# नेपाल राष्ट्र बैंक
# केन्द्रीय कार्यालय
# विदेशी विनिमय व्यवस्थापन विभाग

*इ.प्रा.परिपत्र संख्या:-* ३९२ *मिति :-* २०६३/१२/११

**इजाजतत्रपत्रप्राप्त "क" वर्गका (बैंक) संस्थाहरू ।**

विषय :- **प्रतीतपत्र सम्बन्धी कम्प्युटर सूचना व्यवस्था बारे ।**

महाशय,

परिवर्त्य विदेशी मुद्रा भुक्तानी हुनेगरी खोलिएका आयात प्रतीतपत्रहरू र ती प्रतीतपत्रहरू अन्तर्गत हुने विदेशी मुद्रा भुक्तानी सम्बन्धी अनुगमन प्रक्रियालाई बढी प्रभावकारी बनाउन प्रतीतपत्र सम्बन्धी सूचना प्रणाली कम्प्यूटरको माध्यमबाट निम्न वमोजिम गर्नुपर्ने व्यवस्था गरिएको हुँदा सोही वमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ (संशोधन सहित) को दफा-१२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

१. त्यस बैंक तथा त्यस बैंक अन्तर्गतका प्रतीतपत्र कारोवार गर्ने सबै शाखा कार्यालयले प्रतीतपत्र खोलेको विवरणहरू, यस बैंकले निर्धारण गरेको वि.वि.नि.फा.नं.३ को आधारमा कम्प्युटर सूचना प्रणालीको माध्यमबाट दैनिक रूपमा पठाउनुपर्ने ।

२. यसैगरी प्रतीतपत्र अन्तर्गत गरिएको परिवर्त्य विदेशी मुद्राको भुक्तानी विवरण पनि यस बैंकले तोकिदिएको पैठारीको भुक्तानी प्रमाणपत्र वि.वि.नि.फा.नं.४ को आधारमा कम्प्युटर सूचना प्रणालीको माध्यमबाट दैनिक रूपमा पठाउनुपर्ने ।

३. दफा १ र २ मा उल्लेख गरिए अनुसारको विवरणहरू Modem को प्रयोग गरी कम्प्युटर सूचना प्रणालीको माध्यमबाट दैनिक रूपमा यस बैंकको केन्द्रीय कार्यालयस्थित कम्प्यूटरमा Data Transmit गर्नुपर्नेछ । तर शाखा कार्यालयहरूको हकमा भने यस्ता सूचनाहरू सिधैं यस बैंकमा Data Transmit गर्ने व्यवस्था नगरिएको हुँदा मुख्य कार्यालयले सो सूचनाहरू संकलन गरी यस बैंकको कम्प्युटरमा Transmit गर्नुपर्नेछ । यस कार्यको लागि यस बैंकबाट व्यवस्था गरिएको Branch Code को प्रयोग गर्नुपर्ने ।

४. कम्प्युटर सूचना प्रणालीको माध्यमबाट Data Transmit गर्नका लागि यस बैंकबाट व्यवस्था गरिएको Data base structure अनुसार Data Entry गरी फाईलहरू तयार गर्नु पर्नेछ ।

५. कम्प्युटर इन्ट्रीको लागी तयार गरिएको बैंक कोड, भंसार कोड, यूनिट कोडको विवरण समेत यस बैंकबाट तयार गरिएको छ ।

६. आयात हुने वस्तुहरूको Harmonized Code हरूको सम्बन्धमा नेपाल सरकार भंसार महसुल दरवन्दीमा उल्लेख भए अनुरूपको ८ digits को Harmonized Code प्रयोग गर्नुपर्नेछ ।

७. भारतको कोलकाता वन्दरगाह भै आउने गरी तेश्रो मुलुकबाट सामान आयात गर्न खोलिएको प्रतीतपत्रहरूको (संशोधन भए सो समेत) विवरण तहाँको प्रत्येक शाखाबाट सिधै वाणिज्य विभाग समेतलाई साप्ताहिक रूपमा यसैसाथ संलग्न ढाँचा वमोजिम सिलसिला नम्वर उल्लेख गरी पठाउनुपर्नेछ ।

८. यस व्यवस्था अन्तर्गत प्राप्त हुनुपर्ने विवरणहरू समयमा उपलब्ध नभएमा आयतकर्ताहरूलाई आयातित वस्तुहरू छुटाउने प्रक्रियामा अवरोध आउन सक्ने सम्भावना रहेको र यसबाट हुने कुनै किसिमको हानी नोक्सानीको सम्पूर्ण जिम्मेवारी समयमै सूचना प्रदान नगर्ने सम्बन्धित बैंकको नै हुने व्यहोरा अग्रिम सूचित गरिएको छ ।

९. Data Transmit गर्न आवश्यक पर्ने अन्य कुनै विवरणका लागि यस विभागमा वा यस बैंकको सूचना प्रविधि विभागमा सम्पर्क राख्नुहुन जानकारी गराइएको छ ।

भवदीय,



(रामजी रेग्मी)
का.मु.कार्यकारी निर्देशक

(इ.प्रा. परिपत्र संख्या- ३९२ प्रयोजनको लागि)

| | | | | | | आयात हुने वस्तु | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सि.नं. | एल.सी. नं. | खोलेको मिति | प्रतीतपत्रको म्याद | आयातकर्ताको नाम | वेनिफिसियरीको नाम | नाम | परिमाण | मूल्य | उत्पादन भएको देश | चलान भएको देश | कुनै संशोधन भए |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

द………………………………